आर्थिक वर्ष २०७५/०७६

# वार्षिक प्रतिवेदन



प्रदेश सरकार

## प्रदेश योजना आयोग

प्रदेश नं. १

विराटनगर, नेपाल

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३
को व्यवस्था अनुसार प्रस्तुत आयोगको

# वार्षिक प्रतिवेदन

(आ.व. २०७५/०७६)

यस प्रतिवेदनमा प्रदेश योजना आयोगको २०७५ मङ्सिर १९ देखि २०७६
आषाढ ३१ सम्मका प्रमुख काम कारबाही तथा हासिल
उपलब्धिहरू समेटिएका छन् ।

**प्रदेश सरकार**

## प्रदेश योजना आयोग

**प्रदेश नं. १**

**विराटनगर, नेपाल**

वार्षिक प्रतिवेदन २०७५।०७६

प्रतिलिपि अधिकार © प्रदेश योजना आयोग

**प्रकाशक :**

प्रदेश सरकार

प्रदेश योजना आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

टेलिफोन नं. : ९७७-०२१-४७०३७६

Website: ppc.p1.gov.np

E-mail: ppc.prov1@gmail.com

प्रदेश सरकार

# प्रदेश योजना आयोग

प्रदेश नं. १,

विराटनगर, नेपाल



माननीय शेरधन राई
मुख्यमन्त्री एवम् अध्यक्ष



माननीय सुबोधराज प्याकुरेल
उपाध्यक्ष



माननीय पूर्णकुमार लोक्सोम
सदस्य



माननीय मिना भण्डारी
सदस्य



श्री भरतमणि रिजाल
सदस्य सचिव

# कृतज्ञता

प्रदेश योजना आयोगको पहिलो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई सन्तोष लागेको छ। आयोगको गठन आदेशमा निर्धारित गरिएको जिम्मेवारी मध्ये पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) र सो सँग सम्बन्धित मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९) को दस्तावेज पारित भई आवधिक योजनाले मार्ग दर्शन गरे अनुसारको योजनाबद्ध विकासको चरणमा प्रदेशले प्रवेश गरिसकेको छ। स्वच्छ, सुखी र समुन्नत प्रदेशको मूल नारा तय गरी सोही अनुसारका सूचकलाई दिगो विकास लक्ष्यसँग आबद्ध गरी विषय क्षेत्रगत सूचकहरू उल्लेख गरिएको छ।

अनुसन्धान, समन्वय र अनुगमनको पाटोमा आयोग गतिका साथ् अगाडी बढ्न प्रयासरत रहेको छ । बहुसीपयुक्त मानव संशाधन आयोगको प्रभावकारिताका लागि अनिवार्य आवश्यक पर्दछ। २०७५ मंसीर १९ मा स्थापित आयोगको पहिलो वर्ष स्वाभाविक रूपमा संस्थागत संरचना स्थापनामा बढी केन्द्रित रह्यो। प्रदेश सरकारका अन्य अंगमा जस्तै आयोगमा पनि अद्यापि संस्थागत अपूर्णता कायम छ। स्थापनाको सुरुवाती समय आवधिक विकास योजनाको आधारपत्र तयारीमा बित्यो। प्रदेशको योजनाबद्ध विकासको अवधारणालाई उक्त आधारपत्रले निर्देशित गरे अनुसार नै २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने प्रयास प्रदेश सरकारले गरेको छ।

आगामी दिनमा बहुपक्षीय विकास योजनाका साथै समग्र योजनाको अनुगमन गर्ने, विविध क्षेत्रमा अनुसन्धानमुलक काम गर्ने र सुशासन लगायतका क्षेत्रमा नीति निर्माण गर्ने कामलाई सहजीकरण हुनेगरी परामर्श दिन आयोगको सबलीकरण गर्ने उद्देश्य आयोगले लिएको छ। प्रदेशको दीर्घकालीन सोच अनुसार पारित योजनाको स्थानीयकरण गर्नु आयोगको अर्को महत्वपूर्ण जिम्मेवारी रहेको छ। यसका लागि मानव संसाधन, नियम, कार्यविधि र आवश्यक संरचनात्मक सबलीकरण गर्न आवश्यक संसाधन प्रदेश सरकारबाट आपूर्ति हुने छ भन्ने विश्वास आयोगले लिएको छ। प्रदेश सभाका माननीय सदस्यहरूबाट तथा सम्बन्धित समितिद्वारा आयोगले सम्पादन गर्नु पर्ने आगामी कामका बारेमा मार्गदर्शन प्राप्त हुने अपेक्षा राखिएको छ।

आयोगको अहिलेसम्मको उपलब्धिमा विविध विषयका विज्ञ, स्थानीय तहका प्रतिनिधि, राष्ट्रिय योजना आयोग र स्विस सरकार विकास सहयोग कार्यक्रमको बहुमूल्य योगदान रहेको छ। प्रदेश मन्त्री परिषदको कृयाशील नेतृत्वको नियमित मार्गदर्शन विना बिलकुल नयाँ संरचना र अपूर्ण संशाधनको बावजुद यति उपलब्धि सम्भव हुने थिएन। मन्त्रीपरिषद् सचिवालयबाट आयोगको कामलाई सघाउन निरूपित (Deputed) सचिव तथा उपसचिव लगायत आयोगका कर्मचारी प्रति प्रदेश योजना आयोगका तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

सुबोधराज प्याकुरेल
उपाध्यक्ष

# विषयसूचि

## परिच्छेद — एक : परिचय


१.१ प्रदेश योजना आयोगको परिचय........................................................१
१.२ प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश ........................................२
१.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था..................................................३
१.४ प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार..................................................५
१.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार.........................................................७
१.६ सदस्यको काम, कर्तव्य र अधिकार............................................................७
१.७ प्रदेश विकास परिषद्..........................................................................७
१.८ आयोगको सचिवालय भवन तथा स्रोत साधनको वर्तमान अवस्था ................................८
१.९ आयोगको बजेट विवरण........................................................................९


## परिच्छेद — दुई : प्रमुख उपलब्धि


२.१ प्रथम आवधिक योजना तर्जुमा सम्बन्धी अवधारणा-पत्र.......................................... ११
२.२ प्रथम आवधिक योजनाको आधार-पत्र ............................................................ ११
२.३ प्रदेशको प्रथम आवधिक योजना ................................................................. १२
२.४ प्रथम आवधिक योजनाको सूचना चित्र (Infographic)........................................... १४
२.५ प्रदेशको प्रथम मध्यमकालीन खर्च संरचना ..................................................... १४
२.६ प्रदेश पार्श्वचित्र (Province Profile) तयारी ................................................... १६
२.७ प्रदेशको मानव विकास सूचकाङ्क तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम.................... १६
२.८ कर्मचारी तालिम सञ्चालन...................................................................... १७
२.९ अन्य विविध कार्य ............................................................................... १७


## परिच्छेद — तीन : निष्कर्ष तथा भावी कार्यदिशा


३.१ प्रदेश योजना आयोगले हासिल गरेको प्रमुख उपलब्धि......................................... १८
३.२ प्रदेश योजना आयोगका समस्या तथा चुनौती.................................................... १८
३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास ............................................ १९
३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा ........................................................ १९

# परिच्छेद - एक

# परिचय

## १.१ प्रदेश योजना आयोगको परिचय

योजनाबद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं. २०१३ मा प्रथम पटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा विकास योजना निर्माण गर्ने निकाय गठन भएको थियो । वि.सं. २०४७ को पहिलो जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना र देशमा संवैधानिक राजतन्त्रको व्यवस्था गरिए पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भयो । पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो । मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा समावेश गरियो ।

संघीयता कार्यान्वयन भए पश्चात् हरेक प्रदेशमा प्रदेश योजना आयोगको व्यवस्था हुनुपर्ने अपरिहार्यता भएकाले प्रदेश नं. १ को समग्र विकासका लागि योजना तथा नीति तर्जुमामा प्रदेश सरकारलाई सुझाव सल्लाह दिने निकायका रूपमा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको स्थापना भएको हो । आयोग स्थापनाको मुख्य उद्देश्य प्रदेश विकासका लागि दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्न, विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्न, प्रदेश सरकार र प्रदेश नं. १ का स्थानीय तह बीचको विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्न, विकास नीति तथा योजनाका विभिन्न आयामहरूको अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्नुका साथै बहुपक्षीय र दुई पक्षीय सहयोगका योजनाको सम्पर्क निकाय (Focal Point) का रूपमा कार्य गर्ने रहेको छ ।

प्रदेश योजना आयोगको स्थापना २०७५ मंसिर महिनामा भएको हो । यस आयोगले प्रदेश सरकारको विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजिकरण गर्दछ । यसैगरी यसले प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ । माननीय मुख्यमन्त्रीले प्रदेश योजना आयोगको अध्यक्षता गर्नुहुन्छ भने आयोगमा एक जना पूर्णकालीन उपाध्यक्ष, चार जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था छ । आयोगको पूर्ण बैठक

वर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था रहेको छ । त्यस्तै आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवं मूल्याङ्कनका लागि कम्तीमा प्रत्येक महिना उपाध्यक्षको अध्यक्षता नियमित बैठक बस्ने व्यवस्था रहेको छ ।

## १.२ प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश

प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०७५ कार्तिक १४ गते प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ जारी गरेको हो । त्यस पश्चात् यो अवधिसम्ममा मिति २०७६।०१।१७ र २०७६।०७।२१ गरी दुई पटक यो गठन तथा कार्य सञ्चालन आदेशको संशोधन गरी सकिएको छ । यो आयोगको गठन तथा कार्य सञ्चालन आदेशले प्रदेश योजना आयोगको परिकल्पना गरी आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था गरेको छ :

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| (ग) | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिलासहित चार जना | - सदस्य |
| (घ) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (ङ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (च) | सचिव, प्रदेश योजना आयोगको सचिवालय | - सदस्य-सचिव |


उक्त गठन तथा कार्य सञ्चालन आदेशले उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था गरेको छ :

(क) आर्थिक विकास,
(ख) सामाजिक तथा मानव विकास,
(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा,
(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,
(ङ) सुशासन तथा व्यवस्थापन ।

हाल प्रदेश योजना आयोगको अध्यक्ष माननीय मुख्यमन्त्री शेरधन राई, उपाध्यक्ष माननीय सुबोधराज प्याकुरेल, सदस्यहरू माननीय पूर्णकुमार लोक्सोम र माननीय मिना भण्डारी, प्रमुख सचिव श्री सुरेश अधिकारी, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री दामोदर रेग्मी र सदस्य सचिव श्री भरत मणि रिजाल रहनु भएको छ।

## १.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था

प्रदेश योजना आयोगको सङ्गठन संरचना देहायबमोजिम रहेको छ :



त्यसैगरी प्रदेश योजना आयोगमा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी वा तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | कूल रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ने. प्र. | सा.प्र. | रा.प. प्रथम | १ | १ | ० | म.प.का. बाट अंशकालीन |
| २ | उपसचिव | ने. प्र. | सा.प्र. | रा.प. द्वितीय | ३ | १ | २ | |
| ३ | शाखा अधिकृत | ने. प्र. | सा.प्र. | रा.प. तृतीय | ३ | २ | १ | |
| ४ | तथ्याङ्क/GIS अधिकृत | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | रा.प. तृतीय | १ | ० | १ | |
| ५ | अधिकृतस्तर, छैठौं | ने. प्र. | लेखा | | १ | १ | ० | |
| ६ | अधिकृतस्तर, छैठौं | ने. प्र. | सा.प्र. | | ५ | ४ | १ | १ जना तथ्याङ्कबाट |
| ७ | साहयकस्तर, पाँचौं | ने. प्र. | सा.प्र. | | १ | १ | ० | थप १ जना स. कम्प्युटर अपरेटर |
| ८ | का.स. | | | श्रेणी विहिन | ३ | ३ करार | ० | थप १ जना करारमा |
| ९ | ह.स.चा. | | | श्रेणी विहिन | ३ | ३ करार | ० | |

प्रदेश योजना आयोगमा हाल कुल दरबन्दी संख्या २१ जना रहेको छ भने १८ जनाको पद पूर्ति रहेको छ । तल्लो तहका कर्मचारीहरू तथा राजपत्र अनङ्कित पदहरू लगभग पूर्ण

रहेतापनि राजपत्राङ्कित पदहरूमा उपसचिवको पद दुई जना, शाखा अधिकृत एक जना र तथ्याङ्क/GIS अधिकृत सहित तीन जनाको पद रिक्त रहेको छ ।

## १.४ प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा :

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,

(ख) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने,

(ग) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी परामर्श दिने,

(घ) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली (प्रोजेक्ट बैंक म्यानेजमेन्ट सिस्टम) निर्माण गर्ने, गराउने,

(ङ) प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि मापदण्ड तयार गर्ने, गराउने,

(च) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(छ) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

(ज) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

(झ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

२. अनुगमन तथा मूल्याङ्कन :

(क) प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(ख) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

(ग) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

३. तहगत समन्वय : प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा अन्वेषण :

(क) प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने ।

(ख) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(ग) आर्थिक तथा सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

५. सम्पर्क निकाय : बहुपक्षीय र दुई पक्षीय सहयोगका योजनाको सम्पर्क निकाय (Focal Point) का रूपमा आयोगले कार्य गर्ने ।

## १.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को अनुसार आयोगको उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको छ :

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,

(ख) प्रदेशको आर्थिक अवस्था, चालू योजना र प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

## १.६ सदस्यको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को अनुसार आयोगको सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको छ :

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## १.७ प्रदेश विकास परिषद्

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहने व्यवस्था रहेको छ । उक्त प्रदेश विकास परिषदको गठन देहायबमोजिम गरिएको छ :

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | प्रदेश सरकारका मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्य मन्त्रीहरू | - सदस्य |
| (ग) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | - सदस्य |

(घ) प्रदेश सभाका समितिका सभापतिहरू - सदस्य
(ङ) आयोगका उपाध्यक्ष तथा सदस्यहरू - सदस्य
(च) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य
(छ) मुख्य न्यायाधिवक्ता, प्रदेश नं. १ - सदस्य
(ज) प्रदेश सरकारका सचिवहरू - सदस्य
(झ) जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख - सदस्य
(ञ) प्रचलित कानुन बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि तथा निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश सरकारबाट मनोनीत पन्ध्र जना - सदस्य
(ट) सचिव, प्रदेश योजना आयोगको सचिवालय - सदस्य सचिव

परिषदको बैठकमा आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषदको निर्देशन अनुसार प्रदेश सकारको स्वीकृतिको लागि पेश गर्ने व्यवस्था रहेको छ ।

## १.८ आयोगको सचिवालय भवन तथा स्रोत साधनको वर्तमान अवस्था

प्रदेश योजना आयोगको आफ्नै सचिवालय भवन नभएकोले आयोगले विराटनगर १२, कवि लेखनाथ मार्ग स्थित एक निजी घरलाई भाडामा लिई कार्य सञ्चालन गर्दै आइरहेको छ । आयोगसँग दैनिक कामकाज सञ्चालनका लागि डेस्कटप कम्प्युटर, ल्यापटप, डेस्क-टेबुल, कुर्सी, सोफा, दराज, स्कर्पियो जिप, टेरानो कार, मोटरसाइकल, टेलिफोन लाइन, आदि रहेका छन् । त्यस्तै आयोगले Accounting Software खरिद गरी सो Software बाट लेखा सम्बन्धी कामहरू हुँदै आएको छ ।

प्रदेश योजना आयोगका जिन्सी सामाग्रीको विवरण :

| क्र.सं. | सामान | संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | |
| १ | कम्प्युटर | ७ | | ७ |
| २ | प्रिन्टर | ७ | | ६ |
| ३ | अफिस कुर्सी | १२ | | १२ |

| क्र.सं. | सामान | संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | |
| ४ | साधारण कुर्सी | २० | | २० |
| ५ | अफिस टेबुल | १२ | | १२ |
| ६ | स्टिल दराज | ६ | | ६ |
| ७ | मोटरसाइकल | २ | | २ |
| ८ | रेफ्रिजरेटर | १ | | १ |
| ९ | भ्याक्युम क्लिनर | १ | | १ |
| १० | वाटर फिल्टर | १ | | १ |
| ११ | साइकल | २ | | २ |
| १२ | चार पाङ्ग्रे गाडी | ४ | | ४ |
| १३ | एसी | ६ | ५ | ११ |
| १४ | स्टेपलाइजर | २ | ९ | ११ |
| १५ | सिलिङ पंखा | ४ | | ४ |
| १६ | सोफासेट | ३ | | ३ |
| १७ | ल्यापटप | ३ | | ३ |
| १८ | इन्टरकम | | १ | १ |

## १.९ आयोगको बजेट विवरण

| क्र.सं. | शीर्षक | विनियोजित | | वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | बजेट | खर्च | | |
| १ | चालू | २,१८,४०,०००। | १,०७,७५,७१५। | ४९.३४ | पारिश्रमिक, कार्यालय सञ्चालन तथा अन्य खर्च (२०७५ मंसिरदेखि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०७६ असारसम्म) |
| २ | पुँजीगत | ३,१६,६०,०००। | २,६३,००,६११।७१ | ८३ | फर्निचर, उपकरण, मेसिनरी औजार तथा सवारी साधन व्यवस्थापन |
| **कूल** | | **५,३५,००,०००।** | **३,७०,७६,३२६।७१** | **६९.३०** | |

# परिच्छेद – दुई

# प्रमुख उपलब्धि


## २.१ प्रथम आवधिक योजना तर्जुमा सम्बन्धी अवधारणा-पत्र

"सबैभन्दा वेश १ नं. प्रदेश" निर्माण गर्ने लक्ष्य लिएको प्रदेश सरकारको आ.व. २०७५।७६ को नीति तथा कार्यक्रमको बुँदा नं. ४७ मा सामाजिक न्यायमा आधारित जनकेन्द्रित विकास र समृद्धिको लक्ष्यसहित आगामी ५ वर्षको आवधिक गुरु योजना निर्माण गर्ने उद्देश्य लिइएको थियो । प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण, प्रदेशको आर्थिक विकासका नीतिहरू, अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कनको जिम्मेवारी प्रदेश योजना आयोगलाई प्रदान गरिएको छ । प्रदेशभित्रको भौगोलिक, जनसांख्यिक, आर्थिक र सामाजिक विविधता र श्रोत साधनको वितरणलाई ध्यानमा राखी सन्तुलित एवं समावेशी विकासका लागि क्षेत्रगत नीति र रणनीतिको निर्माण र कार्यान्वयन गर्ने प्रदेश सरकारको दायित्वलाई पूर्ण रूप दिन प्रादेशिक आवधिक योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

प्रादेशिक आवधिक योजनाको अवधारणा पत्र प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०७५।०५।०५ मा स्वीकृत गरेको थियो । सो अवधारणा पत्र अनुसार आवधिक योजनाले अवलम्बन गर्ने क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, नीति तथा कार्यक्रम एवम् उपलब्धिको पहिचान गर्न प्रत्येक मन्त्रालयका सचिवको संयोजकत्वमा विषयगत (Thematic) समिति गठन गरिएको थियो । आवधिक योजना तर्जुमाका लागि मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति, प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्राविधिक समिति, वरिष्ठ योजनाविद् तथा लब्धप्रतिष्ठित व्यक्तिहरू रहने सल्लाहकार समितिको गठन गरिएको थियो ।

## २.२ प्रथम आवधिक योजनाको आधार-पत्र

प्रदेश योजना आयोगको स्थापनासँगै प्रदेशको प्रथम आवधिक योजना तयार गर्ने कार्यमा आयोग प्राथमिकताका साथ अग्रसर रह्यो । आवधिक योजना तर्जुमाका लागि परामर्श गर्न प्रदेशका विभिन्न ५ जिल्लाहरू (ओखलढुङ्गा, धनकुटा, इलाम, इटहरी र विराटनगर) मा अन्तरक्रिया/परामर्श कार्यक्रम आयोजना गरिएको थियो । त्यस अन्तरक्रिया कार्यक्रममा




प्रदेशका १४ जिल्ला र १३७ वटै स्थानीय तहका जनप्रतिनिधिबाट विकासका आवश्यकता र प्राथमिकताहरू पहिचान गर्ने कार्य भएको थियो ।


त्यस्तै प्रदेश सरकारका विषयगत मन्त्रालयहरू र प्रदेश सभा सदस्यहरूसँग छुट्टाछुट्टै कार्यशाला गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू गरिएको थियो । त्यसका साथै यस प्रथम आवधिक योजना तर्जुमाका क्रममा विभिन्न विषयका विज्ञहरूसँग परामर्श लिइएको थियो । आवधिक योजनाको आधारपत्रलाई प्रदेश विकास परिषद्बाट अनुमोदन गराई प्रदेश मन्त्रिपरिषद्बाट मिति २०७६ जेष्ठ १५ गते स्वीकृति प्राप्त गरी प्रकाशन गरिएको थियो ।

## २.३ प्रदेशको प्रथम आवधिक योजना

प्रदेश योजना आयोगले प्रदेश सरकार, प्रदेश नं. १ को प्रथम आवधिक योजना (२०७६/७७ -२०८०/८१) को विस्तृत दस्तावेज तयार गरी प्रकाशन गर्न सफल भएको छ । आयोगले आवधिक योजनाको आधारपत्र प्रकाशन गरेपछि आएका विभिन्न सुझाव सल्लाहलाई समेटेर योजनाको विस्तृत दस्तावेज तयार पारेको हो । उक्त विस्तृत दस्तावेजलाई प्रदेश सरकारबाट स्वीकृत भएसँगै एक समारोहका बीच मिति २०७६ असोज १४ गते सार्वजनिकीकरण पनि गरिएको छ । आवधिक योजनालाई नतिजा खाका तयार गरी वस्तुगत तथा वैज्ञानिक बनाउने कार्य भएको छ ।

प्रदेशको प्रथम आवधिक योजनाले राष्ट्रिय विकास लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"**को सारलाई आत्मसाथ गर्दै **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"**को दीर्घकालीन सोच राखेको छ । यस आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति प्रदेश नं. १ लाई **स्वच्छ,**

**सुखी र समुन्नत** बनाउने तर्फ लक्षित रहेको छ । त्यसका लागि प्रदेशको विशिष्टताका आधारमा विभिन्न १२ वटा आधार स्तम्भ र ६१ वटा गन्तव्य सूचकहरूको निक्यौंल गरिएको छ ।





प्रादेशिक आधारमा सूचकहरूको पहिचान एवं प्रयोग गर्नु नवीनतम सुरुवात हो । प्रथम आवधिक योजनाले प्रदेशको विकासलाई दिगो विकास लक्ष्यले तय गरेको सन् २०३० सम्मको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पनि आत्मसाथ गरेको छ । आवधिक योजनालाई पन्ध्रौं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्य, तथा प्रादेशिक सूचकहरू बीच आबद्धता कायम गर्न नतिजा खाकाको निर्माण गरिएको छ । योजना, कार्यक्रम वा आयोजना बीच नतिजाहरूको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउन नतिजा खाकाका विभिन्न स्वरूपमध्ये तर्कबद्ध खाका तयार गरिएको छ । यस प्रक्रियाका लागि मन्त्रालय अन्तर्गत विषयगत क्षेत्रका आधारमा नतिजा क्षेत्र निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराइएको छ ।

नतिजा खाकामा तर्कबद्ध खाकाको प्रभाव स्तरमा दिगो विकासको लक्ष्यका साथै दीर्घकालीन राष्ट्रिय लक्ष्यका सूचकहरूलाई आबद्ध गरिएको छ । प्रादेशिक योजनाको विषय क्षेत्रगत उद्देश्यहरूलाई असर तहमा र रणनीतिहरूलाई उपलब्धि तहमा साङ्केतिकरण गरिनुका साथै वार्षिक लक्ष्य अङ्कित गर्दा प्रत्येक वर्षका लक्ष्यहरू समेत जोड गरी (cumulative) राखिएको छ । यसमा आर्थिक विकास अन्तर्गत १२, सामाजिक विकास अन्तर्गत १३, पूर्वाधार विकास

१०, अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत ४ र सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था अन्तर्गत २ गरी जम्मा ४१ वटा विषय क्षेत्रलाई समेटिएको छ ।

## २.४ प्रथम आवधिक योजनाको सूचना चित्र (Infographic)




प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) को लागि सूचना चित्र (Infographic) तयार गरी प्रकाशन गरिएको छ । यस सूचना चित्रमा आवधिक योजनामा समावेश गरिएका महत्त्वपूर्ण विवरण तथा तथ्याङ्कलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।


आवधिक योजनाको सानो प्रतिविम्बको रूपमा प्रस्तुत गरिएको सूचना चित्रले आवधिक योजनामा समावेश गरिएका सम्पूर्ण क्षेत्रगत विषयमा प्रदेशको वर्तमान अवस्था र योजना अवधि (अबको पाँच वर्ष) मा प्रदेशले हासिल गर्ने आशातीत उपलब्धिको फेहरिस्त सटीक रूपमा प्रस्तुत गरिएको छ ।

## २.५ प्रदेशको प्रथम मध्यमकालीन खर्च संरचना

प्रदेशको दीर्घकालीन सोच **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** र सामाजिक न्याय सहितको प्रदेश निर्माण गर्ने प्रादेशिक उद्देश्य प्राप्त गर्न सार्वजनिक खर्चको कुशल परिचालन अपरिहार्य छ । यसका लागि विनियोजन कुशलता तथा दक्षता र वित्तीय अनुशासनको प्रभावकारी व्यवस्थापन गर्ने औजारका रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा गत आर्थिक वर्षको वास्तविक स्रोत अनु-

मान र खर्च अनुसार आगामी बाँकी दुई वर्षको बजेट परिमार्जन सहित प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गरिनु पर्छ । तसर्थ, यस खर्च संरचनालाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतलाई समेटेर हरेक वर्ष परिमार्जन गरिन्छ । यो प्रक्रियाले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्त्वपूर्ण भूमिका पुऱ्याउनुको साथै बजेटलाई प्रादेशिक लक्ष्य, उद्देश्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउँछ ।




प्रदेश नं. १ को दीर्घकालीन सोच, आवधिक योजना र वार्षिक बजेट बीचको तादात्म्यता र सामञ्जस्यता कायम गर्नु नै मध्यमकालीन खर्च संरचनाको मूल उद्देश्य हो । प्रादेशिक सोच र लक्ष्य प्राप्त गर्न आवधिक योजना, नीति तथा कार्यक्रम र वार्षिक बजेट बीच यथासम्भव तादात्म्यता राख्ने प्रयासका साथ मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९) तर्जुमा गर्नका लागि प्रदेशका सबै मन्त्रालयका सचिवहरू, निर्देशनालय प्रमुखहरू, योजना महाशाखा प्रमुखहरू, विज्ञहरू तथा राष्ट्रिय योजना आयोगका कर्मचारीहरूको संलग्नतामा मध्यमकालीन खर्च संरचना निर्माण सम्बन्धी अभिमुखीकरण तथा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजनाका प्राथमिकता सहित आगामी तीन आर्थिक वर्षको स्रोत र साधनको प्रक्षेपण, विनियोजनको सुनिश्चितता, खर्चको पुस्ट्याई

समेत समेट्दै प्राप्त हुन सक्ने उपलब्धि समावेश गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रादेशिक बजेटलाई राष्ट्रिय लक्ष्य, प्रादेशिक दीर्घकालीन सोचका आधार स्तम्भ, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा पनि विनियोजन तथा प्रक्षेपण गरिएको छ ।

## २.६ प्रदेश पार्श्वचित्र (Province Profile) तयारी

प्रदेश नं. १ को भौगोलिक, प्रशासनिक, जनसांख्यिक, आवास, कृषि, उद्योग, पर्यटन, वित्त, श्रम, यातायात, जलविद्युत, सिँचाई, खानेपानी, शिक्षा, स्वास्थ्य, आय, गरिबी, निर्वाचित जनप्रतिनिधिहरूको जानकारी लगायतका विषयमा सरोकारवालाहरूलाई जानकारी दिने दस्तावेज प्रदेश पार्श्वचित्र (Province Profile) को लेखन कार्य भइरहेको छ । यस पार्श्वचित्रले प्रदेश नं. १ को आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, भौतिक, प्राकृतिक स्रोत तथा मानव संसाधन लगायतका विषयको पूर्ण चित्रण गर्ने र प्रदेशभित्रको सम्पूर्ण विषयवस्तु समेट्नुपर्ने भएकाले विभिन्न विषयमा विषयगत विशेषज्ञता हासिल गर्नु भएका पूर्वाञ्चल विश्वविद्यालयका विज्ञ समूहको राय, सल्लाह, सुझाव तथा सहयोग लिइएको थियो ।

विज्ञ समूहसँगको सहकार्यमा पार्श्वचित्रलाई बढी सूचनामूलक तथा जानकारी हासिल गर्न सकिने बनाउनका लागि तथ्यपरक तथा राष्ट्रिय जनगणना तथा विभिन्न सर्वेक्षणहरूलाई आधार स्रोत मानेर तथ्याङ्कको प्रयोग गरिएको छ । पार्श्वचित्रको तयारीका लागि निरन्तर बैठक तथा छलफल हुँदै आइरहेको र अन्तिम चरणमा पुगेको छ ।

## २.७ प्रदेशको मानव विकास सूचकाङ्क तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

सन् २०१४ मा प्रकाशन भएको मानव विकास प्रतिवेदन (Human Development Report) पछि हालसम्म कुनै त्यस्तो प्रतिवेदन प्रकाशन हुन सकेको छैन । नेपालमा संघीय शासन प्रणाली अनुसरण भएसँगै प्रदेशहरूको मानव विकास सूचकाङ्क कुन अवस्थामा छ भन्ने विषय स्पष्ट तथ्याङ्क नभएको अवस्थामा राष्ट्रिय योजना आयोगले यसको अध्ययन गरी प्रतिवेदन तयार गर्न लागेको सन्दर्भमा प्रदेश नं. १ को मानव विकास सूचकाङ्कको यथार्थ अवस्था पत्ता लगाउन आवश्यक छ । यही विषयलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगको समन्वयमा विराटनगरमा प्रदेश नं. १ को मानव विकास सूचकाङ्क विषयमा विभिन्न क्षेत्रका विज्ञ तथा प्रशासकहरूको समुपस्थितिमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । यसबाट मानव विकास सूचकाङ्कको वर्तमान अवस्था पत्ता लगाउन सहयोग पुग्ने देखिन्छ ।

## २.८ कर्मचारी तालिम सञ्चालन

प्रदेश योजना आयोगमा कार्यरत कर्मचारीहरूको लागि आयोगले Driving Training, Web Page Designing Training र Professional Computer Training सञ्चालन गरेको छ । Driving Training २०७६ जेष्ठ २९ देखि २०७६ असार १५ सम्म (१६ कार्य दिन) दिनको १ घण्टाको दरले सञ्चालन भएको थियो । यस तालिममा आयोगका ९ (नौ) जना कर्मचारीहरू सहभागी भई प्रशिक्षण लिएका थिए । तालिमबाट कर्मचारीहरूले साना चारपाङ्ग्रे जीप/ट्याक्सी चलाउने सीप प्राप्त गर्न सफल भएका छन् । उक्त तालिममा जम्मा रु. १,३५,०००/- बजेट खर्च भएको थियो।

Web Page Design तालिम २०७६ जेष्ठ २९ देखि २०७६ असार १९ सम्म (२० कार्य दिन) सञ्चालन गरिएको थियो । तालिमबाट आयोगका ४ (चार) जना कर्मचारीहरूले webpage सञ्चालन गर्ने सामान्य सीप हासिल गरेका छन् । उक्त तालिममा जम्मा रु. १,००,०००/- खर्च भएको थियो । त्यस्तै, अन्य कर्मचारीहरूको लागि आयोगले २०७६ जेष्ठ २९ देखि २०७६ असार १९ सम्म Professional Computer Training सञ्चालन गरेको थियो । उक्त तालिमबाट आयोगका ५ (पाँच) जना कर्मचारीहरूले Microsoft Word, Excel, PowerPoint, Photoshop र Troubleshooting सम्बन्धी सीप हासिल गर्न सफल भएका छन् । सो तालिममा जम्मा रु. ९०,०००/- को बजेट खर्च भएको थियो ।

## २.९ अन्य विविध कार्य

प्रदेश योजना आयोग प्रदेशको समग्र विकास योजना, नीति तथा रणनीतिहरू तर्जुमा गर्न प्रदेश सरकारलाई सुझाव, सल्लाह तथा सहयोग गर्ने निकाय भएकोले यसले माथि उल्लिखित कार्यका साथसाथै अन्य विभिन्न कार्यहरू गर्दै आइरहेको छ । प्रदेश सरकारलाई विकास कार्यक्रम, परियोजना, नीति, रणनीति तर्जुमा गर्न विभिन्न समयमा सुझाव सल्लाह दिँदै आइरहेको छ । प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूसँग समन्वयात्मक भूमिका प्रदेश योजना आयोगले निभाउँदै आइरहेको छ । प्रदेश सरकारले आयोजना गर्ने विभिन्न कार्यक्रम तथा कार्यशाला गोष्ठीहरूमा आयोग सक्रिय रूपमा सहभागी हुँदै आइरहेको छ ।

# परिच्छेद - तीन

## निष्कर्ष तथा भावी कार्यदिशा

### ३.१ प्रदेश योजना आयोगले हासिल गरेको प्रमुख उपलब्धि

प्रदेश योजना आयोगले स्थापना भएको छोटो अवधिमा थुप्रै प्रयासहरू गरेको छ । जसमध्ये आयोगले हासिल गरेको प्रमुख उपलब्धिहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(क) आयोगद्वारा स्थानीय तहका जनप्रतिनिधि, प्रदेश सभा सदस्य, विषयगत मन्त्रालय, विज्ञ, सरोकारवालासँग वृहत् छलफल/अन्तरक्रिया गरी सबै मन्त्रालयको सहकार्यमा प्रथम प्रादेशिक आवधिक योजना तयार गरी प्रकाशन गरिएको ।

(ख) आवधिक योजनासँगै सूचना चित्र (Infographic) तयार गरी प्रकाशन गरिएको ।

(ग) प्रदेश नं. १ को मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी प्रकाशन गरिएको ।

(घ) प्रदेश पार्श्वचित्र (Province Profile) तयारी अन्तिम चरणमा पुगेको ।

### ३.२ प्रदेश योजना आयोगका समस्या तथा चुनौती

अहिले संसारमा समस्या र चुनौती विनाको कुनै पनि क्षेत्र पाउन मुस्किल मात्र होइन, प्राय असम्भव छ । यसको तात्पर्य संस्थाको स्थापनासँगै समस्या र चुनौतीहरू सृजना हुन थाल्छ । यस्तो यथार्थलाई आत्मसाथ गर्दै समाधानका लागि निरन्तर प्रयासरत रहनु बुद्धिमानी ठहर्न सक्छ । यस्तै प्रदेश योजना आयोगसँग पनि आफ्नै किसिमको आर्थिक, कानुनी, मानवीय, संस्थागत समस्याहरू रहेका छन् । जसमध्ये प्रमुख समस्याहरू तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(क) कानुनको अभाव,

(ख) कार्यविधि तथा निर्देशिकाको अभाव,

(ग) आफ्नै सचिवालय भवनको अभाव,

(घ) वार्षिक बजेटपूर्व मध्यमकालीन खर्च संरचना निर्माण हुन नसक्नु,

(ङ) अनुसन्धान, विकाससँग सम्बन्धित महाशाखाहरू भए पनि मानव संसाधन नभएकोले कुनै काम नहुनु,

(च) आयोगले पूर्णता पाउन बाँकी हुनु,

(छ) आवश्यक पर्ने विज्ञ, परामर्शदाताको उपलब्धता नहुनु,

(ज) कार्यकारी तहका कर्मचारी नहुनु ।

## ३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास

(क) भवन भाडामा लिई कार्य सञ्चालन गरिएको,
(ख) करार सेवामा केही आवश्यक जनशक्तिको व्यवस्था गरिएको,
(ग) आयोगका लागि आवश्यक केही logistics व्यवस्था गरिएको,
(घ) आयोगको कामकारबाहीलाई प्रविधिमैत्रि र पारदर्शी बनाउन Website निर्माण गरिएको,
(ङ) आयोगका कर्मचारीहरूलाई समयानुकूल तालिमको व्यवस्था गरिएको,
(च) आयोगको आगामी कार्य योजना निर्माण गरिएको ।

## ३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा

(क) प्रदेश पार्श्वचित्र (Provincial Profile) तयार गर्ने,
(ख) आयोजना बैंक (Project Bank) तयार गर्ने,
(ग) योजना कार्यान्वयन योजना बनाउने,
(घ) आवधिक योजनाका लक्ष्य आधारित अनुगमन, मूल्याङ्कन र नियमित प्रगति समीक्षा गर्ने,
(ङ) उच्चस्तरीय प्रदेश विकास समस्या समाधान समितिको गठन (Provincial Development Action Committee-P-DAC) : चौमासिक प्रगति प्रतिवेदन, समस्या समाधानको भरपर्दो निरूपण, जवाफदेहिताको अभिलेख राख्ने,
(च) खर्च/स्रोत संरचना समिति, निर्देशक समिति, स्रोत समिति, मध्यमकालीन खर्च संरचना कार्यदल गठन गर्ने,
(छ) अर्थतन्त्रको आर्थिक परिसूचकको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयार गर्ने,
(ज) अनुसन्धान तथा विकास विश्लेषण महाशाखाको स्थापना गर्ने,
(झ) विकासका नयाँ क्षेत्रको खोजी गर्ने,
(ञ) विकास योजनाको प्राविधिक पक्षको सबलीकरण गर्ने,
(ट) सामाजिक, आर्थिक, शैक्षिक क्षेत्र लगायतको विकासका लागि अनुसन्धान / प्रतिवेदन तयार गर्ने र उक्त विषयमा मन्त्रालयहरूलाई सहजीकरण गर्ने,

(ठ) स्वीस सरकार विकास सहयोग तथा अन्य द्विपक्षीय सहयोगमा कार्यान्वयन हुने प्रदेशको व्यवस्थापन र विकाससँग सम्बन्धित कार्यक्रममा सहजीकरण गर्ने,

(ड) प्रदेशको विकास र सुशासनसँग सम्बन्धित विभिन्न विषयमा सेमिनार गोष्ठी गरी सो को निष्कर्ष सिफारिस गर्ने,

(ढ) सुशासन र पारदर्शितासँग सम्बन्धित विषयमा आयोगको कामलाई पारदर्शी ढङ्गले सम्पन्न गर्न आफूसँग सम्बन्धित सूचना नियमित रूपमा सार्वजनिक गर्ने,

(ण) अन्य प्रदेशसँग अन्तरक्रिया गर्ने, स्वदेश र विदेशका व्यवहारसिद्ध असल विकास कार्यको अध्ययन अवलोकन भ्रमण गर्ने,

(त) आयोगका लागि आवश्यक पर्ने विज्ञ जनशक्ति र अनुसन्धान कर्ताको सेवा करार लिने तथा राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विभिन्न मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयसँगको सहकार्यमा आयोगको सबलीकरण गर्ने,

(थ) नियमित तथा कार्यमूलक अनुगमन प्रणालीको स्थापना र विकास गर्ने । यस कार्यमा प्रदेश सभा तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गर्ने,

(द) प्रदेशको लगानी सम्मेलनसँग सम्बन्धित काममा सहजीकरण र समन्वय गर्ने,

(ध) प्रदेश विकास परिषदलाई पूर्णता दिने,

(न) प्रदेश योजना आयोगलाई पूर्णता दिने ।

## प्रदेश योजना आयोगको सचिवालय भवन



## प्रदेश योजना आयोगका पदाधिकारी तथा कर्मचारी



## प्रथम आवधिक योजनाको आधारपत्रमा राय संकलन गर्नका लागि प्रदेशस्तरीय परामर्श बैठक (छलफल) अन्तरक्रिया कार्यक्रम

### (ओखलढुंगा )





# प्रथम आवधिक योजनाको आधारपत्रमा राय संकलन गर्नका लागि प्रदेश स्तरीय परामर्श बैठक (छलफल) अन्तरक्रिया कार्यक्रम

## (ईटहरी )





# प्रदेश विकास परिषद्को बैठकको झलक






# नतिजा खाका र मध्यमकालीन खर्च संरचना तयार गर्न बसेको कार्यशाला गोष्ठीको झलक







# प्रथम आवधिक योजना र मध्यमकालीन खर्च संरचना (MTEF) को सार्वजनिकीकरण कार्यक्रम







नेपाल
(प्रशासनिक)
गण्डकी प्रदेश
नापी विभाग
http://dos.gov.np/


उ
पू
प्रदेश नं. १
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
उदयपुर
इलाम
सुनसरी
मोरङ
झापा

प्रदेश सरकार

# प्रदेश योजना आयोग

प्रदेश नं. १

विराटनगर, नेपाल

फोन नम्बर : ०२१-४७०३७६

इमेल ठेगाना : ppc.prov1@gmail.com

वेव साइट : http://ppc.p1.gov.np/